☎ ०४४-५५०६७५

नेपाल सरकार

# बर्दिबास नगरपालिका कार्यालय

**बर्दिबास, महोत्तरी**

पत्र संख्या : लेखा ०७२।०७३
च.नं :-

मिति : २०७३।४।१८

सूचना !　　　　सूचना !!　　　　सूचना !!!

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्टोर, वातावरण शाखा र प्राविधिक शाखाको प्रयोजनार्थ तपसिल अनुसारको स्थानमा तपसिल अनुसारको घर भाडामा लिनु पर्ने भएकोले ईच्छुक घरधनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शिलवन्दी निवेदन पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. कार्यालयलाई आवश्यक पर्ने घर पूर्व पश्चिम राजमार्ग बर्दिवास मूल सडकको दायाँ वायाँ २०० भित्र वा हाल यस कार्यालयको घरभाडामा लिईएको स्थान नजिकमा बाटोको सुविधा भएका कम्तीमा ४ कोठा र थप किचन, बाथरुम, वेटिङ रुम र २ वटा भित्र वाहिर शौचालय भएको विजुली, प्रशस्त पानी आउने धारा सहितको घर वा फ्ल्याट हुनु पर्ने छ । र कम्तीमा १ वटा ब्याकहो लोडर, २ वटा ठुला गाडी (जस्तैः वारुण यन्त्र, ट्रिपर, डम्पर), २ वटा साना गाडी वा टयाक्टर, ४/५ वटा मोटर साईकल अट्ने कम्तीमा २ कठ्ठा वा सो भन्दा बढिको पार्किङ गर्ने ठाउँ र केही निर्माण सामाग्री राख्ने खाली जग्गा समेत भएको कम्पाउण्डवाल सहितको घर हुनु पर्ने छ ।

२. घरभाडा दिन ईच्छुक घरधनीले आफुले घरभाडा दिन चाहेको दररेट रकम अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गाधनी प्रमाणपूर्जा, मालपोत तिरेको रसिद र नेपाली नागरिकताको प्रतिलिपि संलग्न राखी मिति २०७३।४।२४ गते सोमबार सम्म कार्यालय समय भित्र रु १०।०० को टिकट टाँसी यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. घरभाडा रकम घरभाडा निर्धारण समितिले तोके अनुसारको हुनेछ । र सो रकममा नियमानुसार लाग्ने करकट्टी गरी भुक्तानी दिईनेछ । र नियमानुसारको धारा, विजुलीको महशुल कार्यालयले भुक्तानी गर्नेछ ।

४. घरभाडा लिने वा नलिने सम्वन्धमा निर्णय गर्ने यस कार्यालयलाई हुनेछ । रीत नपुगी वा तोकिएको सुविधा भन्दा कम सुविधा भएको घरधनीबाट आएको निवेदन उपर कुनै कार्वाही हुने छैन ।

५. अन्य कुरा नियमानुसार हुने छ ।

६. विस्तृत विवरण वा जानकारी लिन पर्ने वा बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०४४-५५०६७५ मा सम्पर्क गरी वा कार्यालय समयमा आफै उपस्थित भई लिन वा बुझ्न सकिने छ ।

४।१८

राम कुमार कार्की
कार्यकारी अधिकृत